नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस.कोरिया शाखा
ग्वार्को, ललितपुर ।

# रोजगार अनुमती प्रणाली (EPS) सम्बन्धी विस्तृत जानकारी

रोजगार अनुमति प्रणालीका विभिन्न चरणहरुको बारेमा स्पष्ट जानकारी नभई केही व्यक्तिहरुले यो प्रणालीको विश्वसनीयता एवं निश्पक्षतामाथि प्रश्न उठाई विभिन्न आक्षेप लगाउने, भनसुन गर्ने गराउने, अफवाह फैल्याउने, आरोप लगाउने र अनावश्यक मागहरु राखी प्रदर्शन गर्ने, आन्दोलन गर्ने जस्ता गतिविधी गर्ने गरेको सन्दर्भमा नेपाल सरकार र दक्षिण कोरिया सरकारबीच सन् २००७ मा भएको समझदारी पत्र (Memorandum of Understanding, MoU) अनुरुप नेपाल सरकार एवं दक्षिण कोरिया सरकारका विद्यमान कानून बमोजिम यस प्रणालीको विस्तृत जानकारी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

द्विपक्षीय समझदारीबमोजिम विगत १८ वर्षदेखि नेपाली श्रमिकहरु सरकारी तवर (Government to Government, G to G) बाट रोजगारीका लागि दक्षिण कोरिया जाने गरेका छन्। यस अवधिमा १ लाख २२ हजार भन्दा बढी नेपाली श्रमिकहरुले आफ्नो सुरक्षित आप्रवाशन उक्त देशमा गरीसकेका छन्। ई.पी.एस. कोरिया शाखा (EPS Korea Section) ले कोरियाको HRD Service of Korea संगको समन्वय र सहकार्यमा निर्धारित Sending and Receiving प्रकृया अनुसार नेपाली कामदार सरकारी तवरबाटै कोरिया पठाउदै आएको छ। कामदारको छनौट र व्यवस्थापन दुबै देशका सरकारी निकायले प्रकृयागत ढंगबाट छिटो छरितो, पारदर्शी र मितव्ययी रुपमा गर्नेे, न्यूनतम लागत र अधिकतम् प्रतिफल प्राप्त हुने भएकोले दक्षिण कोरिया नेपाली युवाहरुको रोजगारीका लागि आकर्षक रोजगार गन्तव्यको रुपमा लोकप्रिय बन्दै गएको छ। दक्षिण कोरिया आफैमा विदेशी श्रमिकहरुको हकहित र सुबिधा कानुनबाटै व्यवस्थित गरिएको र यसको उलंघन भएमा प्रभावकारी उपचारको व्यवस्था रहेको छ। यसै सन्दर्भमा रोजगार अनुमती प्रणाली सम्बन्धी जिज्ञासु सम्पूर्ण सरोकारवाला व्यक्तिहरुलाई यस सम्बन्धी प्रकृयागत विषयहरुमा सुसूचित गर्दै प्रणालीको पारदर्शिता अभिबृद्धि गर्न सहयोग पुर्‍याउने उद्देश्य नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, ई.पी.एस. कोरिया शाखाको रहेको छ।

कोरियन कामदार नपाएका कोरियाका साना तथा मझौला कम्पनीहरुलाई कानुनी रुपमा अदक्ष विदेशी कामदार प्रयोग गर्न दिने प्रणाली नै रोजगार अनुमती प्रणाली हो। कोरियाले सन् १९९१ देखि लागु गरेको प्रशिक्षार्थी कामदार प्रणाली (Industrial Trainee System, ITS) मा देखिएका कमी कमजोरी हटाई विदेशी श्रमिकहरुका आधारभुत मानव अधिकार सुदृढ गर्दै उनीहरु माथी गरीने भेदभावपूर्ण व्यवहार अन्त्य गर्न कानुनी व्यवस्था गरी यो प्रणाली अवलम्वन गरीएकोले यो प्रणाली गैर कानुनी बिचौलियाहरुबाट हुने अनियमितता र हस्तक्षेप मुक्त छ।

यो प्रकृयाको कुनै पनि चरणमा कुनैपनि देशका कुनै व्यक्ति, संस्था, ई.पि.एस कोरिया शाखाका कर्मचारी, विदेशी नियोगमा कार्यरत कर्मचारी र कोरियास्थित कुनैपनि निकायका कर्मचारीहरुले चाहेर पनि चलखेल गर्न नसक्ने एवं Issue गराउने विषयमा संलग्न हुन नसक्नेगरी १७ वटै शका लागि निर्मित एक स्वचालित अनलाईन प्रणालीमार्फत हुने व्यहोरा प्रष्ट पार्दै यस प्रणाली मार्फत कोरिया जानका लागि पुरा गर्नुपर्ने चरणबद्ध प्रकृयाहरु यहाँ प्रस्तुत गरिएको छ।

## सम्पूर्ण चरणहरुको सारांश:

| | | | |
|---|---|---|---|
| १ | विभिन्न क्षेत्र (Agriculture, Manufacture etc.) मा आगामी वर्षका लागि अधिकतम् कामदारको संख्या निर्धारण गरी भाषा परीक्षाको आवेदन माग गर्ने | कोरिया HRD service of Korea | EPS शाखाले HRD service of Korea सँगको समन्वयमा सामान्यतया प्रत्येक वर्ष कम्प्युटर प्रणालीमार्फत कोरियन भाषा परीक्षा सञ्चालनको व्यवस्था गर्ने |
| २ | वेवसाईट www.epsnepal.gov.np मार्फत भाषा परीक्षाको अनलाईन आवेदन फारम भर्ने | नेपाल सम्बन्धित परीक्षार्थी र ई.पि.एस. शाखा | ईक्छुक, योग्य परीक्षार्थीले अनलाईन मार्फत परीक्षा आवेदन भरी प्रवेशपत्र साथमा राख्नुपर्ने। परीक्षाको लागत कोरियन पक्षलाई $28 तिर्नुपर्ने। |
| ३ | पेश भएका आवेदन स्वीकृत गर्ने र फाराम HRD Service of Korea को website:topikagency.hrdkorea.or.kr मा अपलोड गर्ने | कोरिया HRD service of Korea | अनलाईन दर्ता भएका आवेदन फारमका विवरणहरु (नाम, थर, जन्म मिति, फोटो आदि) राहदानीको भन्दा फरक हुनु हुँदैन। |
| ४ | परीक्षा तालिका तयार र प्रकाशन गर्ने | HRD Service of Korea र EPS शाखा | HRD Service of Korea ले तयार गरेर ई.पि.एस. शाखालाई ई-मेल मार्फत पठाएपछि दुबै पक्षले एकै दिन आ-आफ्नो वेभसाईटमा सिट प्लान सहित परीक्षा तालिका प्रकाशित गर्ने। |

| | | | |
|---|---|---|---|
| ५ | बायोमेट्रिक रजिष्ट्रेशन | ई.पि.एस. कोरिया शाखा, ग्वार्को | आफ्नो परीक्षा मितिको अघिल्लो दिन सक्कल राहदानी र प्रवेशपत्र लिई बायोमेट्रिक दर्ताका लागि ग्वार्कोस्थित शाखामा उपस्थित हुनुपर्ने |
| ६ | बायोमेट्रिक भेरिफिकेशन | परिक्षा भवन UBT/CBT हल, भैसेंपाटी | परीक्षाको दिन १.५ घण्टा अगावै परीक्षा भवनमा सक्कल राहदानी र प्रवेश पत्र लिई उपस्थित हुनुपर्ने |
| ७ | भाषा परीक्षा (EPS-TOPIK) सञ्चालन (Color vision जाँच समेत) | HRD Service of Korea, Nepal (EPS Center) | परीक्षाको दिन १.५ घण्टा अगावै परीक्षा भवनमा सक्कल राहदानी र प्रवेश पत्र लिई उपस्थित हुनुपर्ने। कम्प्युटर प्रणालीमा परीक्षा हुने, प्रत्येक व्यक्तिको कलर भिजन परीक्षण समेत हुने। |
| ८ | भाषा परीक्षा (लिखित) को नतिजा प्रकाशन गर्ने | कोरिया HRD service of Korea | HRD Service of Korea ले कटलाईन र नतिजा तयार गरी ई.पि.एस. कोरिया शाखा लाई ई-मेल मार्फत पठाएपछि दुबै पक्षले आ-आफ्नो वेभसाईटमा नतिजा प्रकाशित गर्ने। |
| ९ | Skill & competency Test (सीप परीक्षण र अन्तर्वार्ता) को सूचना प्रकाशन र परीक्षा सञ्चालन | कोरिया HRD service of Korea | तोकिएको मिति र समयमा Skill & competency Test र अन्तर्वार्ता दिन तोकिएको स्थानमा उपस्थित हुने। |
| १० | Skill & competency Test को नतिजा प्रकाशन | कोरिया HRD service of Korea | HRD Service of Korea बाट प्राप्त नतिजा www.epsnepal.gov.np मा समेत प्रकाशन हुने। |
| ११ | मेडिकल र पुलिस रिपोर्ट | ४ वटा अस्पताल (सिभिल,शुक्रराज, कोरियामैत्री र पाटन) प्रहरी मुख्यालय | तोकिएको दिन र समयमा अस्पतालमा स्वास्थ्य चेकजाँच गर्ने, अनलाईनमार्फत पुलिस रिपोर्ट तयार गर्नुपर्ने। (स्वास्थ्य परीक्षण लागत USD ५५.६४ सम्बन्धित अस्पतालले लिने) |
| १२ | रोजगार आवेदन फारम भर्ने | नेपाल ई.पि.एस. कोरिया शाखा | तोकिएको मितिमा राहदानी, ID फोटो, स्वास्थ्य परीक्षणको रिपोर्ट, प्रहरी प्रतिवेदन तथा रोजगार आवेदन फारम अपलोड गर्ने, दस्तुर (USD 5)समेत अनलाईन मार्फत भर्नुपर्ने तिर्नुपर्ने। |

| | | | |
|---|---|---|---|
| १३ | रोजगार आवेदन फारम SPAS सिस्टम मा दर्ता | नेपाल ई.पि.एस. कोरिया शाखा | शाखाले कोरियाको प्रणालीमा रोजगार आवेदन फारम पठाईदिने। www.eps.go.kr मा गई व्यक्तिले आ-आफ्नो EPS-TOPIK ID बाट हेर्न सक्ने। |
| १४ | दरखास्त स्वीकृत र रोष्टर कायम | कोरिया HRD service of Korea | सबै विवरण सहि भएमा कोरियाले फारम स्वीकृत गर्ने र व्यक्तिको रोष्टर कायम हुने। |
| १५ | Job Matching/कम्पनीमा फाईल पुग्ने *यो चरणको तल छुट्टै विस्तृत ब्याख्या गरिएको छ। | कोरिया रोजगार तथा श्रम मन्त्रालय (JOB Centre) को अनलाईन स्वचालित प्रणाली | कोरियामा रोजगारदाताले विदेशी श्रमिक भर्ना गर्न चाहेमा कोरियाको रोजगार तथा श्रम तथा रोजगार मन्त्रालयमा निवेदन दिन्छन्। रोजगारदाताले माग गरेबमोजिम मन्त्रालयको अनलाईन प्रणालीले मापदण्ड पुग्ने श्रमिकको तीन गुणा सँख्यामा बढी सूची रोजगारदातालाई उपलब्ध गराउँछ। यो प्रकृया वर्षको ४ पटक Computer मार्फत Automated system द्वारा व्यक्तिको विवरण Encrypt गरेर हुन्छ। श्रमिकहरुले आ-आफ्नो EPS-Topik ID हेरी जानकारी लिन सक्छन्। |
| १६ | कामदारको छनौट (Employment permit Issuance) | कोरियन रोजगारदाता | रोजगारदाताले आफूलाई कम्प्युटर प्रणालीबाट जब सेन्टरमार्फत प्राप्त भएका फाईलहरु अध्ययन गरी कामदार छनौट गर्छन्। छनौटमा नपरेका कामदार फेरी रोष्टरमै फर्कन्छन्। यो विषय परीक्षार्थीले आ-आफ्नो EPS-Topik ID मा हेरी जानकारी लिन सक्छन्। |
| १७ | श्रम करार (Standard Labor contract Forward) | कोरिया HRD Service of Korea र ई.पि.एस. शाखा | आ-आफ्नो EPS-Topik ID हेरी जानकारी लिई forward भएको पछिल्लो दिन ई.पि.एस. कोरिया शाखा, ग्वार्कोमा स्वयम् उपस्थित भई करारमा हस्ताक्षर गर्ने। (ई.पि.एस. शाखाले समेत आफ्नो वेभसाईटमा प्रकाशित गर्ने) |
| १८ | पूर्व प्रस्थान अभिमुखिकरण तालिम | नेपाल राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैंसेपाटी | पूर्वप्रस्थान अभिमुखीकरण तालिमको लाग्ने दस्तुर (USD 63) तिरेर अनलाईन मार्फत फारम भर्ने । तोकिएको मितिमा ६ दिनको तालिम लिनुपर्ने। |

| | | | |
|---|---|---|---|
| १९ | **Error! Hyperlink reference not valid.** (CCVI) जारी | Korea Immigration Service र HRD Service of Korea | सि.सि.भि.आइ. जारी भएपछि राहदानी, ID फोटो, स्वास्थ्य परीक्षणको रिपोर्ट, प्रहरी प्रतिवेदन, नगरिकताको फोटोकापी, प्रवेश पत्रको फोटोकापी, PDOT तालिम प्रमाण पत्रको फोटोकापी तथा सि.सि.भि.आई. फारमको दस्तुर रु. १०७००/- तिरेको भौचर साथमा लिई ई.पि.एस. शाखा, ग्वार्कोमा स्वयम् उपस्थित भई फारम भर्नुपर्ने। |
| २० | सि.सि.भि.आई. फारम भिषा स्टाम्पिङ्गको लागि कोरिया भिषा सेन्टर (KVAC) पठाउने | नेपाल ई.पि.एस. कोरिया शाखा | www.visa.go.kr मा गई आफ्नो भिषाको अवस्था हेर्न सकिने। |
| २१ | भिषा लागेका श्रमिकहरुलाई उडानको लागि HRD Service of Korea ले प्रस्ताव गर्ने (Confirmation of Entry list for propose flight) | नेपाल ई.पि.एस. कोरिया शाखा | आ-आफ्नो EPS-Topik ID हेरी सम्भावित Flight मितिको जानकारी लिने । |
| २२ | अन्तिम उडान | HRD Service of Korea ले तयारी गरेर ई.पि.एस. शाखालाई तालिका पठाउने | www.epsnepal.gov.np मा प्रकाशित अन्तिम उडानको सूचना हेरी तोकिएको कागजातको तयारी श्रम स्वीकृतीको लागि www.feims.dofe.gov.np मा आवेदन पुरा गरी तोकिएको मिति र समयमा ई.पि.एस. कोरिया शाखामा प्रस्थानको लागि अभिमूखीकरण तालिम एवं समरुप पोषाक लिने । |
| २३ | कोरिया प्रस्थान | श्रमिक र सम्बन्धित एयरलाईन्स | तोकिएको मिति र समयमा त्रि.अ.बि. काठमाडौं वा गौतम बुद्ध अ.वि. भैरहवाबाट कोरिया प्रस्थान गर्ने |
| २४ | रि-रजिष्ट्रेसन (रोष्टरमा रहि पहिलो बर्ष छनौट हुन नसकेका परीक्षार्थीहरुले मात्र गर्नु पर्ने) | नेपाल ई.पि.एस. कोरिया शाखा | राहदानी, ID फोटो, स्वास्थ्य परीक्षणको रिपोर्ट, प्रहरी प्रतिवेदन तथा रोजगार आवेदन फारमको दस्तुर (USD 5) तयार गरी अनलाईन मार्फत भर्नुपर्ने हुन्छ । |

## *Job Matching Process को विस्तृत जानकारी

माथिका चरणहरुमध्ये बुँदा नं. १५ को Job Matching (कम्पनीमा फाईल पुग्ने) सम्बन्धमा स्पष्ट हुन नसकी पटकपटक इ.पि.एस. भाषा परीक्षा उत्तीर्ण व्यक्तिहरुले अफवाह फैल्याउने, आन्दोलन गर्ने जस्ता क्रियाकलाप गर्ने गरेको सन्दर्भमा रोजगार अनुमती प्रणालीबाट हुने कामदार सिफारिस प्रकृया पूर्ण रुपमा कोरियाको रोजगार तथा श्रम मन्त्रालय अन्तर्गतको रोजगार सूचना केन्द्र मार्फत स्वचालित रुपमा सञ्चालन हुने विषयको थप यकीन एवं सुनिश्चितताका लागि मिति २०८२ फागुन १३ गते देखि १७ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवज्यूको नेतृत्वमा दक्षिण कोरिया भ्रमणमा गएको प्रतिनिधि मण्डलले तहाँका नीतिगत र प्रक्रियागत विषयको प्रत्यक्ष अवलोकन गरेर प्रतिवेदन समेत पेश गरेकोले कामदार पठाउने देशका Sending Agencies मा कार्यरत कर्मचारी, नेपाल स्थित एच.आर.डी, ई.पि.एस. केन्द्र वा कोरियास्थित रोजगार केन्द्रका कर्मचारीहरु एवं दुबै देशका कुनैपनि अधिकारीले कसैलाई पनि रोजगारदातासँग सिफारिस गर्ने प्रकृयामा हस्तक्षेप वा म्यानुअल प्रभाव पार्न नसक्ने हुँदा यस प्रणालीप्रति कुनै शंका नगर्न नगराउन अनुरोध गरिन्छ।

चलनचल्तीको भाषामा “कम्पनीमा फाईल पठाउने” भन्ने गरिएको Job Matching प्रक्रिया कोरियाको अनलाईन तथा स्वचालित प्रणालीबाट आफसेआफ् हुने गर्दछ। प्रणालीले रोजगारदाताको मापदण्ड पूरा गर्ने उम्मेदवारहरूलाई स्वचालित रूपमा छनोट गर्छ। छनोट गर्दा प्राथमिकता निम्न व्यक्तिहरूलाई दिइन्छः

१. रोजगारदाताद्वारा अघिल्लो रोजगार सम्झौता रद्द गरिएको भए त्यस्तो व्यक्तिलाई पहिलो प्राथमिकता हुने

२. रोष्टरमा चढेको वा प्रमाणित भएको मितिको आधारमा पहिले दर्ता भएका उम्मेदवारहरू,

३. 'Root Industries' (आधारभूत उत्पादन उद्योग) का लागि तालिम लिएका योग्य उम्मेदवारहरू,

४. छनोट परीक्षा (लिखित, सीप परीक्षा एवं अन्तर्वातामा) मा उच्च अंक प्राप्त गर्ने उम्मेदवारहरू,

५. रोजगारदाताको मापदण्डमा परेका **(Employer’s criteria)** कामदारहरु।

कोरियाको रोजगार तथा श्रम मन्त्रालयले रोजगारदातासमक्ष सिफारिस गरिएका उम्मेदवारहरूको रोजगारदाताले विस्तृत विवरण अध्ययन गर्छन्, जस्तैः उमेर, उचाइ/तौल, लिङ्ग, परीक्षा अंक तथा अन्तर्वार्ता भिडियो। यसको आधारमा रोजगारदाताले तीन जना मध्ये १ जनालाई अन्तिम उम्मेदवारको रुपमा छनोट गर्छन्।

कोरियाको जब सेन्टरमा नयाँ कामदार एवं कोरियामा कार्यरत कामदारहरुले समेत आवेदन दिने र छनौटमा पर्ने प्रक्रिया निम्न तालिकाबाट थप स्पष्ट पार्न सकिन्छः

| चरण | मुख्य जिम्मेवार निकाय | मुख्य कार्य |
|---|---|---|
| आवेदन दिने | रोजगार खोज्ने व्यक्ति | परीक्षा तथा स्वास्थ्य परीक्षण उत्तीर्ण गर्ने |
| दर्ता (रोष्टर कायम) | HRD Service of Korea | कामदार रोस्टर प्रमाणीकरण र अन्तिम सूची तयार गर्ने |
| कामदार माग /अनुरोध | कोरियाली रोजगारदाता | आवश्यक देश, सीप, उमेर आदि मापदण्ड निर्धारण गर्ने |
| सिफारिस | MOEL (कोरियाको मन्त्रालय) | १ पदका लागि ३ जना उम्मेदवार स्वचालित रूपमा कम्प्युटर प्रणालीबाट मिलान गर्ने |
| नियुक्ति | कोरियाली रोजगारदाता | अन्तिम छनोट गरी सम्झौता गर्ने |

माथि उल्लिखित चरण र प्रावधानमा कुनै पनि थप स्पष्टता आवश्यक परेमा नेपालमा इ.पि.एस. कोरिया शाखामा सम्पर्क गर्न सकिन्छ। सही र तथ्यपरक विषयलाई नबुझी गलत अफवा फैल्याउने, कर्मचारीलाई आरोप लगाउने, धम्की दिने, चरित्र हत्या गर्नेजस्ता कार्यहरु कानून बमोजिम दण्डनीय हुने भएकोले मित्रराष्ट्र कोरियासँगको सम्झौता र नीति अनुसार नै रोजगार अनुमती प्रणाली सञ्चालन हुँदाहुँदै कुटनीतिक नियोगका कर्मचारी र कार्यालयलाई समेत असुरक्षा महशुस हुने गरी हुने गरेका अवान्छित गतिविधिले शान्ति सुरक्षामा समेत गम्भीर चुनौती सृजना हुने भएकोले यस्ता गतिविधिमा संलग्न नहुन सबैमा हार्दिक अपिल गरिन्छ।

अत: दक्षिण कोरिया जान तयारी गरिरहनु भएका व्यक्तिहरुले तपसिलका कुरामा ध्यान दिएर पूर्वतयारीका साथ रोजगारीका लागि जान सुझाव दिन चाहन्छौं ।

- भाषापरीक्षा उत्तीर्ण भएर रोष्टरमा नाम भएतापनि रोजगारदाताको छनौटमा नपरुञ्जेल दक्षिण कोरिया जान पाईंदैन। तसर्थ रोष्टरमा भएतापनि आफुले गरिरहेको काम, पेशा, व्यवसाय, अध्ययन आदि नछाडी सुचारु राख्नुहुन अनुरोध छ।
- कोरियामा पैसा कमाउन सहज छैन। कडा श्रम गरी पसिना बगाउन सक्नेले मात्र राम्रो पारिश्रमिक पाउन सक्छन् । नेपालबाट प्रस्थानपूर्व सोचे जस्तो वैदेशिक रोजगारी हुँदैन। तपाईको सोच र त्यहाँको वास्तविकतामा धेरै भिन्नता आउने हुँदा मानसिक समस्या आउन सक्छ, यो विषय अग्रीम जानकारी हुनु जरुरी छ।
- आफ्नै देशका कोरियन श्रमिक उपलब्ध भएसम्म तहाँका रोजगारदाताले नेपाली श्रमिक छनौट गर्दैनन्। त्यसैले कोरियन नागरिकले नचाहेको वा गर्न नसक्ने कामका लागि मात्र नेपालीहरु काम गर्न जाने हो भन्ने कुरा जानुपूर्व बुझ्नुपर्दछ।